# नेपाल उद्योग वाणिज्य महासंघको निर्वाचन सम्बन्धी कार्यविधि, २०७९

**प्रस्तावना** : नेपाल उद्योग वाणिज्य महासंघको कार्यकारिणी समितिको निर्वाचन सम्बन्धी काम कारवाहीलाई पारदर्शी एवं मर्यादित बनाउन नेपाल उद्योग वाणिज्य महासंघको नियमावली २०६३ (पहिलो संशोधन सहित) को नियम ११.१४ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन समितिले यो निर्वाचन सम्बन्धी कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम तथा प्रारम्भ :**

१.१. यस कार्यविधिको नाम "नेपाल उद्योग वाणिज्य महासंघ निर्वाचन सम्बन्धी कार्यविधि, २०७९" रहेको छ ।

१.२ यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ ।

**२. परिभाषा :**

२.१ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा :

(क) **"बिधान"** भन्नाले नेपाल उद्योग वाणिज्य महासंघको बिधान,२०४९ (छैटौं संशोधन) लाई जनाउनें छ ।

(ख) **"आचार संहिता"** भन्नाले नेपाल उद्योग वाणिज्य महासंघको निर्वाचन आचार संहिता, २०६३ लाई सम्झनु पर्छ ।

(ग) **"महासंघ"** भन्नाले नेपाल उद्योग वाणिज्य महासंघलाई सम्झनु पर्छ ।

(घ) **"सचिवालय"** भन्नाले महासंघको सचिवालय सम्झनु पर्छ ।

(ङ) **"निर्वाचन प्रतिनिधि"** भन्नाले उम्मेदवारले निर्वाचन प्रयोजनको लागि गर्नुपर्ने कार्य आफ्नो तर्फबाट गर्न नियुक्त गरेको व्यक्तिलाई सम्झर्नु पर्छ ।

(च) **"मतगणना प्रतिनिधि"** भन्नाले मतगणना काममा प्रतिनिधित्व गर्नको लागि उम्मेदवार तर्फबाट नियुक्त व्यक्तिलाई सम्झनु पर्छ ।

(छ) **"मतदाता परिचय पत्र"** भन्नाले सदस्य संघ /संस्थाका मुख्य प्रतिनिधिलाई सचिवालयले उपलब्ध गराउने परिचय पत्रलाई जनाउने छ ।

(ज) **"मतदान केन्द्र"** भन्नाले मतदान हुने स्थानलाई सम्झनु पर्छ ।

(झ) **"मतदान क्षेत्र"** भन्नाले मतदान केन्द्र रहेको स्थानको मुलगेट एवं परिसर भित्र चार किल्ला तोकिएको स्थानलाई सम्झनु पर्छ ।

(ञ) **"मतदान कक्ष"** भन्नाले मतपत्रमा मत संकेत गर्ने गोप्य स्थानलाई सम्झनु पर्छ ।

(ट) **"कर्मचारी"** भन्नाले महासंघको सचिवालयका कर्मचारी एवं सचिवालयले निर्वाचन कार्यको लागि खटाएको व्यक्तिलाई सम्झनु पर्छ ।

## परिच्छेद ३
## मतदान केन्द, मतपत्र, मताधिकार एवं मतपेटिका

३.१ मतदान केन्द्र :

३.१.१ महासंघको कार्यकारिणी समितिको निर्वाचन कार्यक्रम संचालन गर्दा व्यवस्थितरुपले संचालन गर्ने प्रयोजनार्थ मतदान केन्द्र निर्वाचन समितिले तोकेको स्थानमा हुनेछ ।

३.१.२ मतदान केन्द्रमा निर्वाचन समितिले मतदान क्षेत्रको चारकिल्ला तोकि मतदान प्रारम्भ हुनु भन्दा अगाडि नै मतदान क्षेत्र निर्धारण गरी सोको सूचना मुल गेटमा प्रकाशित गर्ने छ ।

३.१.३ निर्वाचन समितिले प्रवेश अनुमति दिएका देहायका व्यक्ति बाहेक अन्य व्यक्तिले मतदान क्षेत्रमा प्रवेश पाउने छैनन् । तर स्थास्थ्य र सुरक्षाका व्यक्ति तथा निर्वाचन समितिले प्रवेश अनुमति दिएका व्यक्तिले प्रवेश गर्न यस नियमले बाधा पुऱ्याएको मानिने छैन ।

(क) सम्बन्धित उम्मेदवार एवं उनीहरुको निर्वाचन/मतदान प्रतिनिधि

(ख) निर्वाचन अधिकृत एवं निर्वाचन समितिले खटाएका कर्मचारी एवं आवश्यकता अनुसार निर्वाचनमा खटिने स्वयंसेवक

(ग) महासंघका पदाधिकारीहरु

(घ) मतदाताहरु

३.१.४ निर्वाचन अधिकृत, मतदान अधिकृत, निर्वाचनमा खटिएका अन्य कर्मचारी, उम्मेदवार, निर्वाचन प्रतिनिधि,मतदान प्रतिनिधिले मतदान अवधिभर निर्वाचन समितिले उपलब्ध गराएको परिचयपत्र देखिने गरी लगाउनु पर्नेछ ।

३.२ मतपत्र

मतपत्र उम्मेदवारको संख्याका आधारमा निर्माण गर्नुपर्ने हुँदा निर्वाचन समितिले तोकेको ढाँचा, साइज र रङ्गको कागजमा हुने छ। मतपत्रमा मुख्य निर्वाचन अधिकृत लगायत तीनै जना निर्वाचन अधिकृतको दस्तखत रहने छ।

**३.३ मताधिकार**

वरिष्ठ उपाध्यक्षको निर्वाचनको लागि विधानको दफा ३४.३क अनुसार सदस्यहरुको मताधिकार प्रतिशतको आधारमा सिमित हुने छ भने अन्य पदका हकमा विधानको दफा ३४.४ अनुसार हुनेछ

**३.४ मतदान प्रतिनिधि/निर्वाचन प्रतिनिधि :**

मतदान केन्द्रमा उम्मेदवार वा उम्मेदवारको समूहको तर्फबाट गर्नुपर्ने कार्य गर्न मतदान/निर्वाचन प्रतिनिधि खटाउन चाहेमा उम्मेदवार वा उम्मेदवार समूहको वरिष्ठ उपाध्यक्षको उम्मेदवारले मतदान कार्य शुरु हुनु पूर्व नै मतदान/निर्वाचन प्रतिनिधि नियुक्ति गरी सोको जानकारी निर्वाचन समितिलाई गराउनु पर्नेछ। तर स्वास्थ्य र सुरक्षा मापदण्ड पालना गर्न गराउन समिति प्रतिनिधि तोक्न यस नियमले निर्वाचन समितिलाई बाधा पुऱ्याउने छैन।

**३.५ मतपेटिका :**

३.५.१ निर्वाचित हुने उम्मेदवार समूहको निर्वाचनको लागि छुट्टाछुट्टै मतपेटिका राखिने छ। त्यस्ता मतपेटिकामा मतदान कार्य प्रारम्भ हुनुभन्दा पहिले नै निर्वाचित हुने पद एवं समूहको नाम भएको नाम प्लेट वा स्टिकरमा मुख्य निर्वाचन अधिकृतको दस्तखत गरी मतपेटिकाको बाहिरी भागमा टाँस गरिने छ।

३.५.२ निर्वाचन अधिकृतले मतदान सुरु हुनुभन्दा अघि रित्तो मतपेटिका उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिलाई देखाई सो मतपेटिका दुरुस्त तथा रित्तो भए नभएको जाँच गरि मतपेटिकाको ढकानी (बिर्को) मा रहेको मतपत्र खसाल्ने प्वाल मात्र खुला रहने गरी **अनुसूची** : १ मा उल्लेखित मुचुल्का उठाई मतपेटिका बन्द गर्नु पर्नेछ।

## परिच्छेद ४
## मतदान तथा मतदान कक्ष

**४.१ मतदान:**

४.१.१ मतदान पूर्व निर्धारित कार्यक्रम अनुसार मिति २०७९/१२/२९ गते बिहान ८:०० बजे देखि अपरान्ह ४:०० बजे सम्म हुनेछ। तर निर्वाचन समितिले मतदानको समय हेरफेर गर्न सक्नेछ। त्यसरी मतदानको समय हेरफेर भएमा सोको सूचना निर्वाचन समितिले जारी गर्नेछ।

४.१.२ मतदान केन्द्रमा मतदान हुने अन्तिम समय अपरान्ह ४ बजेसम्म मतदान क्षेत्रमा प्रवेश गरेका मतदाताले मतदान गर्न पाउने छन्।

४.१.३ सदस्य संघ/संस्थाका मुख्य प्रतिनिधिलाई सचिवालयले उपलब्ध गराएको परिचयपत्रको आधारमा मात्र मतदान गर्न दिइने छ।

४.१.४ मतदान केन्द्रमा मतदाता प्रवेश गरे पछि निर्वाचन अधिकृत वा निजले खटाएको व्यक्ति वा कर्मचारीले मतदान गर्न पाउने प्रतिनिधिको नामावलीसँग रुजु गराई निजलाई मतदान गर्न मतपत्र दिईने छ । र मतपत्र दिए पछि प्रतिनिधिको नामावलीमा निजले मतदान गरेको व्यहोरा जनीईने गरी संङ्केत तथा हस्ताक्षर गरिने छ ।

४.१.५ मतदाताले मत पत्र लिए पछि मत सङ्केत गर्ने मतदान कक्षमा गई मत सङ्केत गरी मतपत्रलाई पटयाई मतपेटिकामा खसाल्नु पर्नेछ ।

४.१.६ मत सङ्केत गर्ने मतदान कक्षमा एक पटकमा एक जना मतदातालाई मात्र प्रवेश दिईने छ ।

४.१.७ कुनै मतदाताले मतदान सम्बन्धमा आफूले नजानेको कुरा सोधेमा निर्वाचन अधिकृत वा मतदानमा खटिएको कर्मचारीले मतदाताले सोधेको कुरा सिकाउनु वा बुझाउनु पर्नेछ । तर कुनै समूह वा उम्मेदवारको पक्ष वा विपक्षमा मतदान गर्ने वा नगर्ने कुरा बताउनु वा कुनै किसिमले सङ्केत गर्नु हुदैन ।

४.१.८ कुनै मतदाता मतदानकक्षमा मत सङ्केत गर्न लाग्ने समय भन्दा बढी समय बसेको छ भन्ने निर्वाचन अधिकृतलाई लागेमा निज आफै वा अन्य व्यक्तिलाई खटाई कक्षको निरीक्षण गर्न र त्यहाँ रहेको मतदातालाई वाहिर पठाउन सक्नेछ ।

४.१.९ कुनै मतदाताले मत पत्र बुझी लिए पछि मतदान नगर्ने निश्चिय गरेमा सो मतपत्र निर्वाचन अधिकृतलाई फिर्ता दिनु पर्नेछ ।

४.१.१० कसैले पनि मतपत्रमा मत सङ्केत गरी सके पछि त्यस्तो मतपत्र कसैलाई देखाउन वा प्रर्दशन गर्न वा गोप्य मत सङ्केत गर्ने स्थान वा मतदान कक्ष भन्दा वाहिर गई मत सङ्केत गर्न हुदैन ।

४.१.११ निर्वाचन समितिले उम्मेदवारहरुको संख्या, प्रकृति एवं मतदाता संख्याको आधारमा आवश्यक मतदान कक्षको व्यवस्था गर्ने छ ।

४.१.१२ मतदान केन्द्रमा प्रवेश गर्ने व्यक्तिले सलाई, लाइटर, एसिड जस्ता प्रज्वलनशील पदार्थ, क्यामरा, फोटो खिच्ने साम्रगी तथा निर्वाचन अधिकृतले निषेध गरेको अन्य कुनै चिज वा वस्तु लिएर जानु हुँदैन ।

४.१.१३ मतदान गर्नको लागि कुनै मतदाता मतदान क्षेत्रमा उपस्थित नभएतापनि निर्वाचन समितिले मतदानको लागि तोकिएको अन्तिम समय समाप्त नभएसम्म मतदान केन्द्रमा मतदानको कार्य समाप्त गर्नु हुँदैन । तर तोकिएको समय अगावै सबै मतदान भएको

अवस्थामा सो समय अगाबै पनि मत पेटीका बन्द गरी मुचुल्का बनाई मतगणना स्थलमा लान बाधा पर्ने छैन ।

४.१.१४ मतदानको समय समाप्त हुनु भन्दा ३० मिनेट अगाडि निर्वाचन समितिले मतदाताहरुले स्पष्टसँग सुन्ने गरी मतदानको समय सकिन लागेको जानकारी गराउनु पर्नेछ ।

४.१.१५ मतदान गर्न तोकिएको समय समाप्त भएपछि निर्वाचन अधिकृतले सो मतदान केन्द्रमा उपस्थित उम्मेदवार,निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको रहोबरमा मतपत्र रहेको सबै मतपेटिकाको मतपत्र खसाल्ने प्वाल वन्द गरी **अनुसूचि** : २ बमोजिमको मतपेपटकाको प्वाल बन्द गरेको व्यहोराको मुचुल्का तयार गर्नु पर्नेछ ।

## परिच्छेद ५
## मतगणना र निर्वाचन परिणाम घोषणा

**५.१ मतगणना** :

**५.१.१** निर्वाचन समितिले मतगणना हुने समय र स्थान खुलाई मतगणना शुरु हुनु भन्दा कम्तीमा ३० मिनेट अगाडि मतगणना हुने सूचना जारी गर्नेछ ।

**५.१.२** अलग अलग समूहको छुट्टा छुट्टै स्थानमा कम्तीमा एक जना निर्वाचन अधिकृतको रोहबरमा निर्वाचन अधिकृतले खटाएको कर्मचारी, व्यक्ति र मतगणना वा निर्वाचन प्रतिनिधि सहभागीतामा मतगणना कार्य सम्पन्न गरिने छ ।

**५.१.३** निर्वाचन अधिकृतले मतगणना प्रारम्भ गर्न पूर्व सिलवन्दी गरिएका मतपेटीकाहरु उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको रोहबरमा जाँचबुझ गरी **अनुसूची : ३** बमोजिम मतपेटीका ठिक दुरुस्त रहेको एवं मतगणना प्रारम्भ भएको मुचुल्का उठाउनु पर्नेछ ।

**५.१.४** मत गणना गर्दा मतपेटीकाबाटबाट मतपत्र टेबल वा गणना स्थलमा खन्याई मतगणना गरिनेछ। यसरी मत पत्र गणना गर्दा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले देख्न सक्ने व्यवस्था मिलाई मतगणना गरिने छ ।

**५.१.५** मतगणनाको काम चलिरहेको समयमा मतगणना प्रतिशतको आधारमा मतगणना नतिजाको विवरणको जानकारी माईक वा अन्य माध्यबाट गराइने छ ।

**५.१.६** मतगणना कार्य समाप्त भएपछि **अनुसूची**:४ बमोजिमको मुचुल्का तयार गरी मत गणना समाप्त भएको मुचुल्का गरी मत पत्र सुरक्षित राखिने छ । साथै मतगणना तालिकामा उम्मेदवार वा मतगणना प्रतिनिधिसमेतको सही गराई मतगणना तालिका सुरक्षित राख्नि छ ।

५.१.७ यस नियममा जुनसुकै कुरा लेखिएको भएतापनि उम्मेदवार वा मतगणना प्रतिनिधि/ निर्वाचन प्रतिनिधिले मुचुल्कामा सही नगरेमा सो व्यहोरा जनाई निर्वाचन समितिले मुचुल्का उठाउन सक्नेछ। उम्मेदवार वा निजको प्रतिनिधिले सहि नगरेकै कारणले मतगणना र परिणाम घोषणा गर्ने कार्य रोकिने छैन।

५.१.८ मतगणना स्थलमा देहायको व्यक्ति बाहेक अन्य व्यक्ति प्रवेश गर्न पाइने छैन।

(क) निर्वाचन अधिकृत एवं निजले मतगणनामा खटाएको कर्मचारी वा व्यक्ति।

(ख) उम्मेदवार वा मतगणना प्रतिनिधि वा निर्वाचन प्रतिनिधि।

(ग) महासंघका पदाधिकारी।

(घ) निर्वाचन समितिबाट अनुमति पाएका व्यक्तिहरु।

५.२ मतगणना प्रतिनिधि : समूहगत उम्मेदवारको तर्फबाट मतगणनाको लागि प्रत्येक मतगणना स्थलमा वरिष्ठ उपाध्यक्षका उम्मेदवारले एक जनाको दरले मतगणना प्रतिनिधि खटाउन सक्नेछ। त्यसरी नियुक्त भएको मतगणना प्रतिनिधिलाई जुनसुकै बखत बदर गरी अर्को मतगणना प्रतिनिधि नियुक्त गर्न सकिनेछ।

५.३ बदर हुने मतपत्र: देहायको अवस्थामा निर्वाचन समिति वा निर्वाचन अधिकृतले मतपत्र बदर गर्नेछ।

(क) निर्वाचन अधिकृतहरुको दस्तखत नभएको।

(ख) मत संकेत चिन्ह रेजा लगाइएको ठाउँमा मसी लतपतिएको, च्यातिएको वा अस्पष्ट रहेको।

(ग) मत संकेत (रेजा) लगाउने कोटा वा बक्स भन्दा बाहिर रेजा चिन्ह परेको।

(घ) मत संकेत बक्समा लगाइएको रेजाले बक्स कस गरी अर्को मत संकेत बक्समा छोएको। तर रेजाको त्रिकोणको भाग बक्स भित्र रहेछ भने सोलाई सदर कायम गरिनेछ।

(ङ) प्रर्दशन गरी वा देखाई मतपत्रमा मत संकेत चिन्ह लगाएको वा मतदान कक्ष बाहिर मत संकेत चिन्ह लगाइएको।

(च) आवश्यक भन्दा बढी उम्मेदवारको मत संकेत कोठामा रेजा लगाएको वा कोरिएको वा आवश्यक भन्दा बढी रेजा लगाएको।

(छ) तोकिएको भन्दा बेग्लै वा जाली मतपत्र प्रयोग भएको।

(ज) मत संकेत गरेको व्यहोरा च्यातिई छुट्टीई टुक्रा भएको ।

(झ) आफुलाई चिन्हाउने उद्देश्यले मतपत्रमा कुनै किसिमको मत संकेत गरेको ।

(ञ) डब्बल रेजा वा रेजा बाहेक अन्य चिन्ह लगाएको ।

(ट) निर्वाचन समितिले तोकेको अन्य अवस्था रहेमा ।

**५.४ मत बराबर भएमा** :

५.४.१ कुनै उम्मेदवार बीच मत बराबर भएमा गोला प्रथाबाट निर्णय गरिनेछ ।

५.४.२ गोला हाल्दा कुनै उम्मेदवार वा निजको मत गणना प्रतिनिधिले गोला तान्न इन्कार गरेम निर्वाचन अधिकृतले अन्य कुनै तरिकाबाट गोला तान्ने व्यवस्था मिलाई निर्णय गर्न सक्ने छ ।

५.४.३ उम्मेदवारहरुको सहमतिमा बराबर मत प्राप्त गर्नेहरुले बराबर समयवधि भोग गर्ने गरी निर्वाचन परिणाम घोषणा गर्न यस नियमले बाधा पुऱ्याएको मानिने छैन ।

६. **निर्वाचन परिणाम घोषणा** : निर्वाचन अधिकृतले मतगणना तालिका बमोजिम उम्मेदवारहरुले प्राप्त गरेको मत संख्या सहित निर्वाचन परिणाम घोषणा गर्ने छ ।

## परिच्छेद : ६
## आचार संहिता तथा निर्वाचन सम्बन्धी उजुरी

६.१ उजुरी :

६.१.१ महासंघको निर्वाचनमा उम्मेदवारी खडा भएका उम्मेदवारहरुले कुनै पनि तरिकाले आचार संहिता विपरित हुने गरी कुनै काम गरेमा वा निर्वाचन कार्यक्रममा सूचना बमोजिम कुनै उम्मेदवार उपर दावी बिरोध गर्नुपरेमा निवानिर्वाचन समिति समक्ष उजुरी दिन सक्नेछ ।

६.१.२ आचार संहिता उल्लंघन विषयमा एवं कुनै उम्मेदवारका विरुद्ध निर्वाचन समिति समक्ष उजुरी दिने हक सरोकारवालाहरुलाई मात्र हुनेछ ।

६.१.३ कुनै उम्मेदवारले आचार संहिता उल्लंघन हुने गरि कुनै काम कारबाही गरेमा यथाशक्य समय भित्र निर्वाचन समिति समक्ष उजुरी गरी सक्नु पर्नेछ ।

६.१.४ निर्वाचन सम्बन्धी विषयमा निर्वाचन कार्यक्रममा तोकिए बमोजिम दावी बिरोध वा उजुरी गर्दा निर्वाचन कार्यक्रम वा सूचनामा तोकिएको समय भित्र प्रमाण सहित दावी बिरोध वा उजुरी दर्ता गरि सक्नु पर्ने छ ।

**६.२ आचार संहिता उजुरीमा खुलाउनु पर्ने कुराहरु** : उजुरीकर्ताले उजुरी गर्दा निम्नानुसारको कुराहरु खुलाई उजुरी गर्नुपर्ने छ ।

(क) उजुरीकर्ताको नाम,ठेगाना र सम्पर्क नम्बर (इमेलसमेत)

(ख) उल्लंघनकर्ताको नाम,ठेगाना र सम्पर्क नम्बर (इमेलसमेत)

(ग) आचार संहिता उल्लंघन भएको ठाउँ, मिति , समय सहितको पूर्ण विवरण

(घ) आचार संहिता उल्लंघन भएको पुष्टि गर्ने आवश्यक प्रमाणको पूर्ण विवरण

(ङ) उल्लंघन भएको आचार संहिताको नियम ।

**६.३ उजुरी उपर कारवाही नहुने** :

नियम ६.१ र नियम ६.२ विपरित दायर हुन आएको निवेदन उपर कुनै कारवाही अगाडि बढाइने छैन ।

**६.४ निर्वाचन समितिको निर्णय** : निर्वाचन सम्बन्धी कुनै पनि काम कारबाही एवं आचार संहिता लगायतका उजुरी दाबी विरोधको विषयमा निर्णय गर्नु पर्दा निर्वाचन अधिकृतहरु बिच मतक्यैता हुन नसकेमा मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत मध्य कुनै एक निर्वाचन अधिकृत गरी दुई निर्वाचन अधिकृतबाट निर्णय गर्न सकिने छ ।

## अनुसूची : १

## मतदान शुरु र मतपेटीका जाँच मुचुल्का

यस नेपाल उद्योग वाणिज्य महासंघको कार्यकारिणी समितिको ................................ मतदान केन्द्रमा हामी तपशीलका उम्मेदवार वा मतदान प्रतिनिधिहरुको रोहबरमा मत पेटिका जाँचबुझ गर्दा खाली मत पेटिका अवलोकन भई मतपत्र छिराउने ठाउँ मात्रै खुल्ला राखि बिहानको ठिक ........... समयमा मतदान प्रारम्भ भएको ठिक साँचो हो ।

तपशील

१. ......................................

२. ......................................

३. ......................................

......................................

निर्वाचन अधिकृत

ईति संवत २०७९ साल चैत्र महिना .... गते रोज ..... शुभम ।

## अनुसूची : २

### मतदान कार्य बन्द र मतपेटीकाको प्वाल बन्द भएको मुचुल्का

यस नेपाल उद्योग वाणिज्य महासंघको कार्यकारिणी समितिको निर्वाचनको .............................. मतदान केन्द्रमा हामी तपशीलका उम्मेदवार वा मतदान प्रतिनिधिहरुको रोहबरमा अपरान्हको ठिक ........ बजे मतदान कार्य बन्द भएको एवं मत पेटिकाको मत खसाल्ने प्वाल लाहाछाप लगाई बन्द गरिएको ठिक साँचो हो ।

तपशील

१. ..................................

२. ..................................

३. ..................................

..........................

निर्वाचन अधिकृत

ईति संवत् २०७९ साल चैत्र महिना ..... गते रोज ...... शुभम ।

अनुसूची :३

## मतगणना प्रारम्भ भएको मुचुल्का

यस नेपाल उद्योग वाणिज्य महासंघको कार्यकारिणी समितिको निर्वाचनको ............................ मतदान केन्द्रमा हामी तपशीलका उम्मेदवार वा मतदान प्रतिनिधिहरुको रोहबरमा अपरान्हको ठिक ........ बजे मत पेटिका ठिक दुरुस्त रहेको अवलोकन गरी मतपेटीका खोंली मत गणना कार्य शुरु गरिएको ठिक साँचो हो ।

तपशील

१. ..................................

२. ..................................

३. ..................................

.........................

निर्वाचन अधिकृत

ईति संवत् २०७९ साल चैत्र महिना ..... गते रोज ...... शुभम ।

अनुसूची : ४

## मतगणना समाप्त भएको मुचुल्का फारम

यस नेपाल उद्योग वाणिज्य महासंघको कार्यकारिणी समितिको निर्वाचनको ................................ मतदान केन्द्रमा हामी तपशीलका उम्मेदवार वा मतदान प्रतिनिधिहरुको रोहबरमा ......... ठिक ........ बजे मतगणना कार्य समाप्त भएको ठिक साँचो हो ।

तपशील

१. ..................................

२. ..................................

३. ..................................

........................

निर्वाचन अधिकृत

ईति संवत् २०७९ साल चैत्र महिना ..... गते रोज ...... शुभम ।

अनुसूची : ५

मतदान प्रतिनिधि नियुक्त फारम

श्री ....................

............................

**विषय : मतदान प्रतिनिधि नियुक्त गरिएको बारे ।**

नेपाल उद्योग वाणिज्य महासंघको कार्यकारिणी समितिको निर्वाचनको ............................ मतदान केन्द्रमा उम्मेदवारको तर्फबाट प्रतिनिधित्व गर्न तपाई श्री ....................... लाई मतदान प्रतिनिधि नियुक्त गरेको छु । तपाईले उम्मेदवारको तर्फबाट मतदान प्रतिनिधिको रुपमा गरेको मतदान सम्वन्धी काम कारवाहीमा मेरो मञ्जुरी छ ।

मिति :

सही छाप :

उम्मेदवारको नाम :

उपर्युक्त बमोजिम मतदान प्रतिनिधि हुन मेरो मञ्जुरी छ ।

मिति :

दस्तखत :

नाम :

ठेगाना :

१. .................................

२. .................................

३. .................................

........................

निर्वाचन अधिकृत

ईति संवत् २०७९ साल चैत्र महिना ..... गते रोज ...... शुभम ।